भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०७, बैठक मितिः २०८२।०४।२३ गते शुक्रबार, विहान — ८ बजे)

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १०६औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८२/०३/०५ गते बसेको १०६औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो । |
| २. | वडागत राजश्व लक्ष्य निर्धारण सम्बन्धमा । | यस महानगरपालिकाको आ.व. २०८२/८३ को आन्तरिक राजश्वको लक्ष्य १७औं नगर सभाबाट १ अर्ब ८० करोड स्वीकृत भएकोमा उक्त लक्ष्य पुरा गर्न सबै वडा कार्यालयको वार्षिक लक्ष्य कायम गरी सोही लक्ष्य बमोजिम राजश्व प्राप्त गर्नुपर्ने हुँदा चालु आ.व. २०८२/८३ मा देहाय बमोजिम वडागत आन्तरिक राजश्व लक्ष्य निर्धारण गर्ने ।<br>देहाय |

| भरतपुर महानगरपालिका अन्तर्गत का वडाहरु | राजश्वको निर्धारीत लक्ष्य (रु लाखमा ) | भरतपुर महानगरपालिका अन्तर्गत का वडाहरु | राजश्वको निर्धारीत लक्ष्य (रु लाखमा ) |
|---|---|---|---|
| वडा नं. १ | ३५० | वडा नं. १६ | १९० |
| वडा नं. २ | २५० | वडा नं. १७ | ८० |
| वडा नं. ३ | ५६० | वडा नं. १८ | १२५ |
| वडा नं. ४ | २६० | वडा नं. १९ | ११० |
| वडा नं. ५ | १८० | वडा नं. २० | १२५ |
| वडा नं. ६ | १५० | वडा नं. २१ | ११५ |
| वडा नं. ७ | २५० | वडा नं. २२ | ११० |
| वडा नं. ८ | १५० | वडा नं. २३ | ८० |
| वडा नं. ९ | २४० | वडा नं. २४ | ४० |

| | | | |
|---|---|---|---|
| वडा नं. १० | ५५० | वडा नं. २५ | ११० |
| वडा नं. ११ | २७५ | वडा नं. २६ | ११० |
| वडा नं. १२ | २०० | वडा नं. २७ | ९५ |
| वडा नं. १३ | ६० | वडा नं. २८ | ७० |
| वडा नं. १४ | १३५ | वडा नं. २९ | ४० |
| वडा नं. १५ | १६० | | |
| | | महानगरपालिका तर्फ | १२८३० |

| | | |
|---|---|---|
| ३. | भुक्तानी सेवा केन्द्र सञ्चालन, परिवर्तन वा बन्द सम्बन्धमा । | विभिन्न वडाहरुमा हाल सञ्चालित एकिकृत भुक्तानी सेवा केन्द्रलाई समयानुकुल परिवर्तन गर्न उचित देखीएकोले देहाय बमोजिम भुक्तानी सेवा केन्द्र सञ्चालन, बन्द, परिवर्तन गर्ने ।<br>देहाय<br>१. वडा नं. १८ को भुक्तानी सेवा केन्द्र साविकमा वडा नं. २६ को सेवाकेन्द्र रहेकोमा अब उप्रान्त वडा नं. २० मा सार्ने ।<br>२. वडा नं. ३ को भुक्तानी सेवा केन्द्र साविकमा वडा नं. ४ को सेवाकेन्द्र रहेकोमा अब उप्रान्त महानगरपालिका मा सार्ने ।<br>३. वडा नं. १५ को भुक्तानी सेवा केन्द्र वडा नं. १४ मा सार्ने ।<br>४. अन्य सेवा केन्द्रहरु यथावत कायम गर्ने । |
| ४. | सरकारी कार्यालय तथा संस्थाहरुको घर नक्सा पास वा अभिलेखिकरण सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २८ बमोजिम कुनै पनि सरकारी निकाय, व्यक्ती एवं संस्थाहरुले घर निर्माण गर्दा अनिवार्य रुपमा महानगरपालिकाबाट घर नक्सा स्वीकृत गर्नपर्ने कानुनी व्यवस्था भएकोमा सरकारी निकाय तथा संघ संस्थाहरुले घर नक्सा स्वीकृत गरी घर निर्माण गरेको नपाइएको हुँदा नयाँ निर्माण हुने घरहरु नक्सा पास स्वीकृत नभै निर्माण नगर्न र यस पूर्व निर्माण भै सकेका घर तथा भवनहरुलाई नक्सा नियमित वा अभिलेखिकरण गर्न सरकारी निकाय तथा संघ संस्थाहरुलाई पत्राचार गर्ने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०७, बैठक मितिः २०८२।०४।२३ गते शुक्रबार, विहान — ८ बजे)

| | | |
|---|---|---|
| ५. | भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा । | **Australia** को **Merri-bek City Council** को पत्रबाट यस महानगर सँग भगिनी सम्बन्ध कायम गर्न अनुरोध भइआएको हुँदा भरतपुर महानगरपालिका र **Australia** को **Merri-bek City Council** सँग भगिनी सम्बन्ध कायम गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने । साथै, उक्त भगिनी सम्बन्ध कायम गर्ने प्रयोजनका लागि यस महानगरबाट तपसिल बमोजिमका पदाधिकारीहरुले महानगरको प्रतिनिधित्व गर्ने ।<br>तपसिल<br>१. नगर प्रमुख श्री रेनु दाहाल<br>२. नगर उपप्रमुख श्री चित्रसेन अधिकारी<br>३. प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद पौडेल |
| ६. | स्वास्थ्य बिमा प्रथम सेवा बिन्दु कायम गर्न स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धमा । | महानगर भित्र सेवाग्राहीको चाप दिनानुदिन वृद्धि हुँदै गएको, हाल भरतपुर अस्पताल र शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र बाट मात्र स्वास्थ्य बिमाको प्रथम सेवा बिन्दु कायम रहेको छ । भरतपुर अस्पताल रेफरल विशिष्टीकृत सेवा अस्पतालको रुपमा रहेको, केही समय पछि यस अस्पतालबाट स्वास्थ्य बिमाको प्रथम सेवा बिन्दुबाट प्रदान गरिने सेवा अन्त्य हुने अवस्था रहेको हुँदा सेवाग्राहीको चाप र सहजतालाई मध्यनजर गरी यस महानगर अन्तर्गतका शारदानगर स्वास्थ्य चौकि र भरतपुर स्वास्थ्य चौकि, गौरिगञ्जलाई नगर अस्पतालमा स्तरोन्नोति गर्ने । उक्त नगर अस्पतालहरुबाट स्वास्थ्य बिमा प्रथम सेवा बिन्दु सेवा प्रदान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने । |
| ७. | महिला समानता नीति, २०८२ स्वीकृत गर्ने सम्बन्धमा । | सामाजिक विकास महाशाखाबाट सिफारिस भइ आएको भरतपुर महानगरपालिकाको महिला समानता नीति, २०८२ स्विकृत गर्ने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०७, बैठक मितिः २०८२।०४।२३ गते शुक्रबार, विहान — ८ बजे)

| | | |
|---|---|---|
| ८. | किसान सूचिकरण कार्यक्रम अन्तर्गत कृषकहरुको संकलित विवरण सिफारिस गर्ने सम्बन्धमा । | आ.व. २०८१/८२ को किसान सूचिकरण कार्यक्रम अन्तर्गत वडा नं. २७ मा १६७७ जना र वडा नं. २८ मा १३८३ जना किसानहरुको सङ्कलित विवरण *किसान सूचिकरण प्रणाली व्यस्थापन तथा सञ्चलान निर्देशिका, २०८१* को दफा ९(७) बमोजिम किसान परिचय पत्र पाउन योग्य किसानको पहिचान र वर्गिकरणको लागि कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा (प्रणाली मार्फत) अनुसूची -१ अनुसार को सूची सिफारिस गर्ने । |
| ९. | भरतपुर महानगरपालिका सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८२ स्विकृत गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारीस भइ आएको *भरतपुर महानगरपालिका सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८२* स्विकृत गर्ने । |
| १० | भरतपुर महानगरपालिका भवन निर्माण कार्यविधी, २०८२ स्वीकृत गर्ने सम्बन्धमा । | नेपाल सरकार शहरी विकास मन्त्रालयबाट जारी भएको नमूना भवन निर्माण कार्यविधि लागू गर्न वाञ्छनिय देखिएकोले आवश्यक परिमार्जन सहित तयार भएको मस्यौदा विधायन समितिबाट सिफारीस भइ आएको हुँदा *भरतपुर महानगरपालिका भवन निर्माण कार्यविधी, २०८२* स्वीकृत गर्ने । |
| ११ | संघ तथा प्रदेशबाट सञ्चालित ससर्त र विशेष अनुदानका आयोजना फरफारक सम्बन्धमा । | आ.व. २०८१/८२ मा संघ तथा प्रदेशबाट ससर्त र विशेष अनुदानमा प्राप्त बजेटबाट सञ्चालन भएका योजनाहरु मध्ये देहायका योजनाहरु पूर्ण रुपमा सम्पन्न नभएको र यस आ.व. मा उक्त योजनाहरुलाई बजेट विनियोजन हुन नसकेको हुँदा जे-जस्तो कार्य प्रगतीमा छन् सोही अनुसार फरफारक गरी सुविस्ताका आधारमा खरिद सम्झौता अन्त्य गर्ने ।<br>देहाय |

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><th></th><th>ठेक्का नं</th><th>कामको विवरण</th></tr>
<tr><td>1</td><td>41-BMC/081/082/W/NCB/71</td><td>Infrastructure Construction Works at Mahendra Chowk at BMC-14 ,15</td></tr>
<tr><td>2</td><td>41-BMC/081/082/W/NCB/72</td><td>Building Construction Works at Gagri Kanya Gurukul at Devghat, BMC-1</td></tr>
<tr><td>3</td><td>44-BMC/081/082/W/NCB/77</td><td>Construction of Ram Mandir at BMC-14</td></tr>
<tr><td>4</td><td>48-BMC/081/082/W/NCB/82</td><td>Construction of Astadhatu Shiva Murti in Devghat, BMC-1</td></tr>
<tr><td>5</td><td>03-BMC/2081/082/W/NCB/05</td><td>Mesh Jali Construction in Jungle Boundary of BMC- 26, 27 and 28</td></tr>
<tr><td>6</td><td>46-BMC/081/082/W/NCB/80</td><td>Construction of Rhino Park with Zoo at BMC-12</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१२</td>
<td>सनराइज सहकारी संस्था सञ्चालन अनुमति सम्बन्धमा ।</td>
<td>सनराइज बचत तथा ऋण सहकारी संस्थाका २०३२ जना सदस्यहरुले उक्त सहकारीको सञ्चालक समितिले सदस्यको हित विपरितको कार्य गरेको, अधिकांश सञ्चालकहरु थुनामा/फरार रहेका कारण संस्थामा उपस्थित नभएको, आ.व.२०७७/७८ पछि साधारणसभा बस्न नसकेको कारणले सदस्यहरुको वचत फिर्ता हुन नसकेको हुँदा उक्त सहकारी संस्थाको सम्पत्ति जिम्मा लिई सदस्यहरुको वचत फिर्ता गर्ने प्रयोजनको लागि "बचत रकम फिर्ता समिति" गठन तथा संस्था सञ्चालन गर्न अनुमतिका लागि मिति २०८२/०३/३१ मा यस महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश हुन आएको । सो निवेदन कर्ता सदस्यहरुलाई भौतिक रुपमा सहकारी शाखामा उपस्थित गराई निवेदनमा उल्लेख भएको व्यहोरा उपर ठिक साँचो हो भनी सनाखत गराउँदा सबै सदस्यहरुले आफ्नो राजीखुशीले संस्था सञ्चालन गरी वचत फिर्ता गर्ने उद्देश्यले निवेदन पेश गरेको भनी सनाखत गरिदिएको र उक्त सङ्ख्या सो संस्थाको सम्पूर्ण सदस्यहरुको १५ प्रतिशत भन्दा बढी देखिएकोले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को दफा १३५ 'क' बमोजिम सो दफामा उल्लेख भएका सबै प्रावधानहरुका शर्तहरु</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | | तथा मापदण्डको पूर्ण पालना हुने गरी उक्त सहकारी संस्थाको वचत रकम फिर्ता समिति गठन गर्न र संस्था सञ्चालन गर्न अनुमति प्रदान गर्ने । साथै समिति गठन भएको ६ महिनाभित्र साधारणसभा सम्पन्न गरिसक्ने, सो ऐनको दफा १०८ 'क' को अधीनमा रही बचत रकम फिर्ता गर्ने, वचत रकम फिर्ता गर्ने प्रयोजनको लागि ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त आय रकम र वचत फिर्ता गरेको रकमको विवरणको अभिलेख सुरक्षित राख्ने, त्यस्तो अभिलेख प्रत्येक ३ महिनामा महानगरपालिका र अन्य सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने, ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त रकम र संस्थाको सम्पत्ति विक्रीबाट प्राप्त रकम 'क' वर्गको बैंकमा छुट्टै खाता खोली रकम जम्मा गरी सोही खाताबाट बचतकर्ता सदस्यको बचत रकम भुक्तानी गर्न निवेदक सदस्यहरुलाई निर्देशन दिने निर्णय गरियो । |
| १३ | आ.व.२०८२/८३ को नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा । | भरतपुर महागनरपालिकाबाट गठित नग दररेट समिति बाट सिफारिस भइ आएको भरतपुर महानगरपालिकाको आ.व. २०८२/८३ को नगर दररेट स्वीकृत गर्ने । |
| १४ | विविध | |
| | क. सम्पत्ति विवरण बुझाउने जानकारी सम्बन्धमा । | भरतपुर महानगरपालिकामा कार्यरत सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र अनिवार्य रुपमा सम्पत्ती विवरण बुझाउनु पर्ने व्यहोरा जानकारी भयो । |
| | ख. पार्किङ्ग व्यवस्थापन सम्बन्धमा । | नारायणगढ बजार अन्तर्गत विरेन्द्र क्याम्पस चोक देखी पुल्चोक सम्मको सर्भिस लेन मा सेवाग्राहीहरुले सवारी साधन पार्किङ गरिराख्दा सवारी आवागमनमा असुविधा भएको कारण सडकको दाँयाबायाँ रहेको सर्भिस लेनमा पार्किङ्ग हटाइ तोकिएको स्थानमा मात्र सवारी पार्किङ्ग गर्ने गराउने । |
| | ग. MTMP परिमार्जन कार्यदलको प्रतिवेदन सम्बन्धमा । | १०५औं नगर कार्यपालिका बैठकबाट भरतपुर महानगरपालिकाको नगर यातायात गुरूयोजना (MTMP) मा देखिएका प्राविधिक कमि-कमजोरीहरु परिमार्जन गर्ने प्रयोजनको लागि गठित कार्यदलले पेश गरेको प्रतिवेदन स्विकृत गर्ने । |

| | | |
|---|---|---|
| | घ. राजश्व फिर्ता सम्बन्धमा । | आ.व. २०८१/८२ मा व्यवसाय कर बापत रु २३,०३०।— असुल हुनुपर्नेमा रु ४६,६८०।— असुर भएकोमा बढी असुल भएको राजश्व रु २०,६५०।— निका कलेक्सन (प्रभा अधिकारी ढकाल) लाई फिर्ता गर्ने । |
| | ङ. सम्पत्ति कर सम्बन्धी कानून निर्माण तथा परिमार्जन सम्बन्धमा । | स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको सम्पत्ति कर (घर जग्गा कर) को प्रयोजनको लागि गरिने घर जग्गा मूल्याङ्कनको वस्तुगत आधार र विधिलाई वैज्ञानिक र यथार्थपरक बनाउन आवश्य रहेको हुँदा यस महानगरपालिकाको भौगिलिक अवस्था, घर जग्गाको बनोट, घर जग्गाको उपयोगको अवस्था, आर्थिक क्रियाकलाप लगायतका अन्य सान्दर्भिक पक्षहरुलाई समेत मध्यनजर गरी घर जग्गाको प्रचलित बजार मूल्य प्रतिबिम्बित हुने गरी विषय विज्ञहरुबाट तयार गरिएको घर जग्गाको मूल्याङ्कन आधारलाई कार्यपालिका बैठकबाट स्विकृत गरी यस नगरपालिकाले यसलाई कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने कानून निर्माण एवं परिमार्जन गर्ने । |
| | च. आर्थिक सहायता सम्बन्धमा । | • वडा नं. १४ निवासी श्री कृष्णलाल विश्वकर्मा को छोरा स्व. बल बहादुर वि.क. वैदेशिक रोजगारीको क्रममा ह्यदयघात भई मृत्यु भएको हुँदा निजको मृत्यु संस्कार खर्चको लागि रु. २५,०००।- (अक्षेरेपि पच्चीस हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १४ निवासी श्री शर्मिला अधिकारीलाई क्यान्सर रोगको उपचार गर्नको लागि रु. ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १४ निवासी श्री लक्ष्मी कुमारी महतोलाई क्यान्सर रोगको उपचार गर्नको लागि रु. ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २२ निवासी श्री राजेन्द्र राज पाण्डेलाई सोरासिस रोगको उपचार गर्नको लागि रु. २०,०००।- (अक्षेरेपि बिस हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १३ निवासी ओम प्रकाश गाहा शारिरिक रुपमा अशक्त रहेको हुँदा निजलाई अपाङ्गमैत्री चार पाङग्रे स्कुटर (१ वटा) खरिद को लागि रु ३,००,०००।— |

| | | |
|---|---|---|
| | | • (अक्षेरेपि तीन लाख मात्र) बराबर बिल बमोजिम भुक्तानी दिने।<br>• वडा नं. २४ निवासी विष्णु माया मगरलाई क्यान्सर रोगको उपचार गर्नको लागि रु. ७०,०००।- (अक्षेरेपि सत्तरी हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १० निवासी भिम बहादुर विश्वकर्मालाई मृगौला सम्बन्धी रोगको उपचार गर्नको लागि रु. १,००,०००।- (अक्षेरेपि एक लाख मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २१ निवासी राम कुमार पौडेललाई ब्लड क्यान्सर रोगको उपचार गर्न रु. १,००,०००।- (अक्षेरेपि एक लाख मात्र) आर्थिक सहयोग गर्ने । |